# CDS and Clearing Limited

Paperless Technology




www.cdscnp.com



# विषय सूची


| विषय | पेज. नं. |
|---|---|
| क. डिपोजिटरी प्रणाली | १ |
| ख. डिम्याट् खाता खोल्ने सम्बन्धी | ८ |
| ग. धितोपत्रहरुको अभौतिकीकरण | १४ |
| घ. धितोपत्रहरुको बन्धकी | २२ |
| ङ. संस्थागत गतिविधि र प्राथमिक सार्वजनिक निष्काशन | २५ |
| च. अभौतिक धितोपत्रहरुको घरायसी तथा मृत्यु नामसारी | २९ |
| छ. डिम्याट् धितोपत्रहरुको पुनःभौतिकीकरण | ३२ |
| ज. नेप्सेमा सूचीकृत कम्पनीहरु | ३३ |
| झ. हितग्राही खाता खोल्ने निवेदनको ढाँचा | ४२ |



# क. डिपोजिटरी प्रणाली

## १. डिपोजिटरी भनेको को हो ?

डिपोजिटरी भन्नाले धितोपत्र बजारमा सूचीकृत भएका तथा विद्युतीय माध्यममा निक्षेप गर्न मिल्ने, वितरण वा बाँडफाँड भएका धितोपत्र वा उपकरणहरु सम्बन्धित धितोपत्रधनीबाट आफ्नो जिम्मामा लिई धितोपत्रधनीहरुको धितोपत्र सम्बन्धी हितग्राही खाता खोल्ने तथा धितोपत्र वा उपकरणहरुको नामसारी वा खातामा अभिलेख राख्ने कम्पनी हो ।

## २. सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि) कस्तो कम्पनी हो ?

सिडिएससि कम्पनी ऐन २०६३ अन्तर्गत वि.सं. २०६७ सालमा धितोपत्रहरुको अभौतिकीकरण सेवा उपलब्ध गराउने उद्देश्यले स्थापना भएको नेपालको एक मात्र डिपोजिटरी कम्पनी हो । नेपाल स्टक एक्स्चेन्जको पूर्ण स्वामित्व भएको यस कम्पनीको अधिकृत पूँजी रु. ५० करोड र जारी पूँजी रु. ३० करोड रहेको छ ।

## ३. सिडिएससिको उद्देश्य के हो ?

सिडिएससिको मुख्य उद्देश्य धितोपत्रहरु (शेयर, अग्राधिकार शेयर, डिबेन्चर, बण्ड, सरकारी ऋणपत्रहरु आदि) अभौतिकीकरण गर्ने र खरिदकर्ताहरुको नाममा निक्षेप गरी कारोबारको अभिलेख राखी अद्यावधिक सेवा उपलब्ध गराउने रहेको छ ।

## ४. सिडिएससिले प्रदान गर्ने सेवाहरु के-के हुन् ?

सिडिएससिले देहाय बमोजिमका सेवाहरु प्रदान गर्छ :

- धितोपत्रहरुको निक्षेप, भुक्तानी र हस्तान्तरण गर्ने,
- प्राथमिक बजारमा निष्काशन गरिने धितोपत्रहरु हितग्राहीको खातामा प्रत्यक्ष रुपमा अभौतिकीकरण गरी जम्मा गर्ने,
- हितग्राहीहरुका धितोपत्रहरुलाई विद्युतीय रुपमा सुरक्षित साथ राख्ने र पुस्तकीय प्रविष्टिको आधारमा सम्बन्धित हितग्राही खातामा डेबिट/क्रेडिट गरी हिसाब खाता तयार गर्न, सहजता प्रदान गर्ने,
- निष्काशनकर्ताहरुलाई प्राथमिक निष्काशन (IPO) र संस्थागत गतिविधि तथा लाभहरुको छिटो छरितो वितरण गर्ने,
- हितग्राहीहरुलाई धितोपत्रको धितो बन्धकी राख्न तथा बन्धकी रोक्का फुकुवाको सेवा प्रदान गर्ने,
- निष्काशनकर्ताहरुको धितोपत्रको हिसाबमिलान (Reconciliation) सेवा प्रदान गर्ने र अद्यावधिक विवरण उपलब्ध गराउने ।

## ५. सिडिएससिका संलग्न पक्षहरु को-को हुन् ?

सिडिएससिका संलग्न पक्षहरु देहाय बमोजिम छन् :

- हितग्राही (Beneficial Owner-BO)
- निक्षेप सदस्य (Depository Participant-DP)
- रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि (Registrar and Transfer Agent - RTA)
- निष्काशनकर्ता (Issuer)
- धितोपत्र दलालहरु (Stock Brokers)

**६. अभौतिकीकरण (Dematerialization) भनेको के हो ?**

अभौतिकीकरण (डिम्याट्) भन्नाले कागजी अवस्थामा रहेको भौतिक धितोपत्रलाई विद्युतीय प्रणालीमा अभिलेख राख्ने कार्य हो ।

**७. डिम्याट् खाता खोल्नुका उद्देश्यहरु के-के हुन् ?**

डिम्याट् खाता खोल्नुका उद्देश्यहरु देहाय बमोजिम छन् :

- भौतिक धितोपत्रहरुलाई विद्युतीय पद्धतिमा परिवर्तन गर्न,
- नेपाल स्टक एक्स्चेन्जमा भएका धितोपत्रहरुको खरिद/बिक्री कारोबारहरुलाई अभौतिक रुपमा प्राप्त/हस्तान्तरण गर्न,
- IPO बाट प्राप्त धितोपत्रहरु वा संस्थागत गतिविधि जस्तैः हकप्रद निष्काशन, बोनस निष्काशन, मर्जर इत्यादिलाई अभौतिक रुपमा जम्मा गर्न,
- डिम्याट् खातामा ग्रहण गरेका अभौतिक धितोपत्रहरुको खाताको फाँटवारी प्राप्त गर्न,
- डिम्याट् खातामा भएका धितोपत्रहरुको धितो बन्धकी राख्न,
- डिम्याट् खातामा भएका धितोपत्रहरुको पुनःभौतिकीकरण गर्न ।

**८. पुनःभौतिकीकरण (Rematerialization) भनेको के हो ?**

पुनःभौतिकीकरण (रिम्याट्) भन्नाले विद्युतीय प्रणालीमा राखिएको धितोपत्रको अभिलेखलाई कागजी अवस्थामा परिवर्तन गर्ने कार्य हो ।

**९. हितग्राही को हुन् ?**

हितग्राही भन्नाले DP मार्फत् सिडिएससिमा धितोपत्र वा उपकरण निक्षेप गर्न हितग्राही खाता खोलेका तथा विद्युतीय माध्यममा निक्षेप गर्न मिल्ने धितोपत्र वा उपकरण ग्रहण गरेका व्यक्ति हुन् ।



(डिम्याट्)

## १०. निक्षेप सदस्य को हुन् ?

निक्षेप सदस्य भन्नाले नेपाल धितोपत्र बोर्डबाट दर्ता प्रमाणपत्र लिई सिडिएससिसंग सदस्यता लिएका धितोपत्र व्यवसायी वा संगठित संस्था हुन् ।

निक्षेप सदस्य हुनको लागि देहाय बमोजिमका योग्यता पूरा गरेको हुनुपर्छ :

- बैंक वा वित्तीय संस्था, धितोपत्र दलाल, रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि, कस्टोडियन वा अन्य यस्तै नेपाल धितोपत्र बोर्डबाट समय समयमा तोकिएका निकाय रहेको,
- नेटवर्थ कम्तीमा एक करोड रुपैयाँ रहेको,
- कर्जा सूचना केन्द्रको कालो सूचीमा नरहेको ।

## ११. निष्काशनकर्ता को हुन् ?

निष्काशनकर्ता भन्नाले धितोपत्र/उपकरण निष्काशन गर्ने संगठित संस्था हुन् ।

## १२. रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि को हुन् ?

रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि भन्नाले कुनै पनि संगठित संस्थाको तर्फबाट सो संस्थाले निष्काशन गरेका धितोपत्र तथा धितोपत्रधनीहरुको अभिलेख राखी धितोपत्र हस्तान्तरण तथा फिर्ता भुक्तानी लगायतका कार्य गर्ने व्यक्ति वा संगठित संस्था हुन् ।

## १३. ISIN भनेको के हो ?

ISIN (International Securities Identification Number) भनेको निष्काशनकर्ताका धितोपत्रहरु डिपोजिटरी प्रणालीमा सूचीकृत गर्दा ती धितोपत्रहरुलाई दिइने १२-अंकको पृथक (Unique) अक्षर र अंकको मिश्रित संकेत (Alphanumeric Code) हो ।

**उदाहरणः**




## १४. BOID भनेको के हो ?

हितग्राहीले सिडिएससिमा डिम्याट् खाता खोल्नका लागि DP मार्फत् सम्पूर्ण विवरणहरु प्रणालीमा प्रविष्टि गरेपछि प्रणालीबाट उत्पन्न हुने १६-अंकको पृथक परिचय नम्बर नै हितग्राही परिचय नम्बर (BOID) हो । BOID भविष्यमा गरिने सबै कारोबारहरुमा उल्लेख गर्नु पर्दछ । BOID नक्कल गर्न सकिदैन । अर्थात् दुई हितग्राहीहरुको समान BOID हुन सक्दैन । जसले गर्दा गलत खातामा धितोपत्रहरु हस्तान्तरण हुन सक्दैन ।

**उदाहरणः**



**१५. एउटै निष्काशनकर्ताले जारी गरेका भिन्न प्रकारका धितोपत्रहरुको समान ISIN हुन्छ ?**

एउटै निष्काशनकर्ताले निष्काशन गरेका फरक फरक धितोपत्रहरुको ISIN फरक फरक हुन्छ ।

**१६. DP ले कुन-कुन सेवाहरु प्रदान गर्दछ ?**

DP ले देहाय बमोजिमका सेवाहरु प्रदान गर्दछ :

- हितग्राही खाता (डिम्याट् एकाउन्ट) खोल्ने,
- अभौतिकीकरण गर्ने,
- पुनःभौतिकीकरण गर्ने,
- विद्युतीय रुपमा रहेका धितोपत्रहरुको व्यवस्थित रुपमा अभिलेख राख्ने,
- हितग्राहीका खातामा धितोपत्रहरु हस्तान्तरण गरी कारोबारहरुको फछ्र्योट गर्ने,
- स्टक एक्स्चेन्ज भन्दा बाहिर हितग्राहीहरु बीच भएका बाह्य बजार कारोबारहरुको फछ्र्योट गर्ने,
- निष्काशनकर्ताहरुले IPO वा अन्य तरिकाले बाँडफाँड गरेका धितोपत्रलाई हितग्राहीको डिम्याट् खातामा जम्मा गर्ने,
- निष्काशनकर्ताहरुले हितग्राहीलाई दिने गैह्र मौद्रिक संस्थागत लाभहरु ( बोनस, हकप्रद शेयर आदि) लाई हितग्राहीका डिम्याट् खातामा जम्मा गर्ने,
- अभौतिकीकरण गरिएका धितोपत्रहरुको बन्धकी राख्ने कार्यमा सहजकर्ताको भूमिका निर्वाह गर्ने ।

**१७. सिडिएससिले केन्द्रीय निक्षेप सेवाका लागि कुन सफ्ट्वेयर प्रयोग गर्छ र सो सफ्ट्वेयर कसले प्रदान गर्छ ?**

सिडिएससिले केन्द्रीय निक्षेप सेवाका लागि तीनवटा फरक-फरक सफ्ट्वेयर हरु प्रयोग गर्छ । ती सफ्ट्वेयरहरु देहाय बमोजिमका छन् :

- Central Depository Accounting System (CDAS)
- Clearing and Settlement (CNS)
- DP Secure (DPS)

उल्लेखित सफ्ट्वेयरहरु CMC Limited ले प्रदान गर्छ। यी सफ्ट्वेयरहरु भारतको Central Depository Services (India) Limited (CDSL) र बंगलादेशको Central Depository Bangladesh Limited (CDBL) मा समेत प्रयोग गरिदै आएका छन्। नेपालको सिडिएससि कम्पनीलाई सफ्ट्वेयर हरुका सम्बन्धमा CDSL कम्पनीले विविध परामर्श तथा प्राविधिक सहयोग दिंदै आएको छ।

## १८. CDSL कस्तो कम्पनी हो ?

CDSL भारतको Bombay Stock Exchange (BSE) द्धारा प्रबर्द्धित राष्ट्रको दोस्रो केन्द्रीय निक्षेप कम्पनी हो। यसले भारतीय धितोपत्र बजारमा सूचीकृत कम्पनीहरुको धितोपत्रहरुलाई अभौतिक रुपमा परिणत गर्ने कार्य गर्छ।

## १९. सिडिएससिले आफ्ना प्रणालीका तथ्याङ्कहरु (Data) को सुरक्षाका लागि कस्तो सावधानी अपनाउँछ ?

सिडिएससि प्रणालीमा भएका तथ्याङ्कहरु धेरै महत्वपूर्ण हुन्छन्। सिडिएससिले तथ्याङ्कहरुको प्रसारण तथा भण्डारणका लागि आवश्यक सुरक्षाका लागि सावधानी अपनाउँछ। यस प्रणालीले तथ्याङ्कहरुको अनाधिकृत पहुँच, दुरुपयोग र क्षतिबाट सुरक्षित राख्छ। सिडिएससिले तथ्याङ्कहरुको सुरक्षाका लागि देहाय बमोजिमका Back Up को प्रचलन अपनाउँछ :

- Local Back up
- Remote Back up
- Disaster Recovery Site

यसका साथै हरेक DP ले प्रत्येक दिनका कारोबारहरुको समेत Back up राख्ने गर्छ।

# ख. डिम्याट् खाता खोल्ने सम्बन्धी

**२०. सिडिएससि प्रणालीमा निष्काशनकर्तालाई हुने फाईदाहरु के-के हुन् ?**

सिडिएससि प्रणालीमा निष्काशनकर्तालाई हुने फाईदाहरु देहाय बमोजिम छन् :

- अभौतिक धितोपत्रहरुलाई हस्तान्तरण गर्दा लाग्ने समय र लागत न्यूनतम हुन्छ ।
- अभौतिकीकरण गरिएका धितोपत्रहरु हराउने, चोरी हुने, च्यातिएर नष्ट हुने र दुरुपयोग हुने जस्ता जोखिमहरुलाई हटाउने भएकाले कम्पनीलाई अनावश्यक मुद्दामामिला, लामो पत्राचार र उजुरी सम्हाल्ने झन्झटबाट मुक्त गराउँछ ।
- सबै प्रकारका गैह्र मौद्रिक संस्थागत गतिविधि तथा IPO लाई बिना झन्झट छिटो छरितो रुपमा डिम्याट् पद्धतिमा व्यवस्थित गराउँछ ।
- सिडिएससिको केन्द्रीकृत तथ्याङ्कको सहायताले कुनै पनि धितोपत्रको स्वामित्व ढाँचामा भएको परिवर्तनको जानकारी निष्काशन कम्पनीले सजिलै संग तुरुन्तै प्राप्त गर्न सक्छ । तसर्थ स्वामित्वमा भएको परिवर्तनलाई प्रभावकारी ढंगले अनुगमन तथा निगरानी गरी कुनै प्रकारका अनुचित कार्यको बारेमा कम्पनी समयमै सतर्क रहन्छ ।
- निष्काशनकर्ताले शेयर विभागको व्यवस्थापनमा लाग्ने समयलाई उल्लेख्य रुपमा बचत गर्न सक्छ । यसले सो विभागको कार्यभारलाई न्यूनिकरण गर्दछ र बढी भएका मानवीय श्रोतलाई अन्य उत्पादनमूलक विभागमा प्रयोग गर्नका लागि व्यवस्थापनलाई सहयोग पुग्छ ।

➢ संस्थागत विद्युतीय मतदान प्रणाली (e-voting system for corporates) जस्ता नवीनतम प्रविधिले निर्वाचन समाप्त हुना साथ परिणामको घोषणाको सुविधा प्रदान गर्नका लागि हुलाक मतपत्रसंग सम्बन्धित प्रशासनिक खर्च घटाउन पनि सहायता पुऱ्याउँछ। यस्ता आधुनिक प्रविधिबाट निष्काशनकर्ता कम्पनीहरु लाभान्वित हुन्छन्। यस्तो सेवा केन्द्रीय निक्षेप कम्पनीको माध्यमबाट प्राप्त गर्न सकिन्छ।

**२१. के डिम्याट् खाता सोझै सिडिएससिमा खोल्न सकिन्छ ?**

डिम्याट् खाता सोझै सिडिएससिमा खोल्न सकिंदैन। DP को माध्यमबाट मात्र सिडिएससिमा डिम्याट् खाता खोल्न सकिन्छ।

**२२. सिडिएससिमा एउटा डिम्याट् खाता भएको हितग्राहीले अर्को खाता खोल्न सक्छ ?**

सिडिएससिमा एउटा डिम्याट् खाता भएको हितग्राहीले अर्को डिम्याट् खाता खोल्न सक्छ।

**२३. डिम्याट् खाता खोल्दा हितग्राहीलाई हुने लाभहरु के-के हुन् ?**

देहाय बमोजिमका लाभहरुका कारणले सबै वर्गका हितग्राहीहरुलाई डिम्याट् खाता अत्यावश्यक भएको छः

➢ **भौतिक प्रमाणपत्रहरुमा भएका जोखिम हटाउने :** धितोपत्रहरुलाई विद्युतीय रुपमा सञ्चित गरी राख्ने हुँदा भौतिक प्रमाणपत्रहरुमा हुने विविध जोखिमहरु जस्तैं : प्रमाणपत्रहरु ओसार प्रसार गर्दा प्रमाणपत्रमा हुने क्षति, प्रमाणपत्रहरु च्यातिने/नष्ट हुने डर, प्रमाणपत्रहरुको चोरी तथा प्रमाणपत्रहरुको नक्कल प्राप्त गर्दा लाग्ने लागत जस्ता समस्याहरु हटाउँदछ।

➢ **धितोपत्रहरुको तुरुन्तै हस्तान्तरण :** जब कुनै हितग्राहीले धितोपत्रहरु

खरिद गर्दछ, त्यस्ता धितोपत्रहरुलाई हितग्राहीको खातामा तुरुन्तै जम्मा गरिन्छ र खरिद गर्ने हितग्राहीले ती धितोपत्रहरुको वैधानिक रुपमा स्वामित्व प्राप्त गर्दछ । धितोपत्रहरुको स्वामित्व हस्तान्तरण गराउनका लागि RTA समक्ष पठाउनु पर्ने कुनै आवश्यकता हुँदैन । साथै RTA को पुस्तिकामा भएका धितोपत्रहरुको वैधानिक स्वामित्व प्राप्त व्यक्ति हुनका लागि लामो समय सम्म प्रतिक्षा गर्नु पर्दैन ।

- **शीघ्र फछ्र्यौट चक्र :** धितोपत्रहरुलाई कारोबार भएको ३ दिन (T+3) को फछ्र्यौट चक्र अवधिमा अभौतिक रुपमा फछ्र्यौट गरिन्छ र फछ्र्यौट चक्र अवधिको अन्तिम दिनमा खरिदकर्ताको खातामा जम्मा गरिन्छ जसले गर्दा फछ्र्यौट चक्र शीघ्र हुने कुरा निश्चित हुन्छ ।
- **IPO द्धारा वितरित शेयरहरुको शीघ्र वितरण :** सिडिएससिमा खाता भएका हितग्राहीहरुलाई प्राथमिक निष्काशन कम्पनीले वितरण गरेका धितोपत्रहरु वितरण गर्नासाथ सम्बन्धित हितग्राहीको खातामा तुरुन्तै जम्मा गरिन्छ । जसले गर्दा हितग्राहीले निष्काशन कम्पनीबाट प्रमाणपत्र प्राप्त गर्न प्रतिक्षा गर्नु पर्दैन । यसले धितोपत्रहरुलाई स्टक एक्स्चेन्जमा शीघ्र सूचीकृत गर्नमा सहयोग पुऱ्याउँछ ।
- **पोर्टफोलियो व्यवस्थापनमा सहजता:** हितग्राहीलाई खाताको विवरण आवधिक रुपमा प्रदान गरिने हुनाले आफ्नो पोर्टफोलियो व्यवस्थापन गर्न तथा आफ्नो धितोपत्रको बारेमा विस्तृत जानकारी सहज रुपमा प्राप्त गर्न सक्षम गराउँछ ।
- **ठेगाना परिवर्तनको समस्याको निदान :** हितग्राहीको ठेगाना परिवर्तन भएको अवस्थामा आफूले ग्रहण गरेका धितोपत्रहरुको बारेमा प्रत्येक निष्काशनकर्ता कम्पनीलाई छुट्टा छुट्टै रुपमा पत्राचार गरी जानकारी गराईरहनु पर्ने आवश्यकता हुँदैन । हितग्राहीले परिवर्तन भएको ठेगाना DP समक्ष दर्ता गरे पुग्छ । ठेगाना परिवर्तन भएको कुराको जानकारी DP द्धारा हितग्राहीले धितोपत्र ग्रहण गरेका सबै कम्पनीहरुमा उपलब्ध गर्ने व्यवस्था गरिन्छ ।

- **धितोपत्रहरुको बन्धकीमा सहजता :** अभौतिक रुपमा परिणत गरिएका धितोपत्रहरु बन्धकी राखिएको अवस्थामा त्यस्ता धितोपत्रहरुको बन्धकी खाता रोक्का गरिन्छ र धितोपत्रहरुको बन्धक राख्ने बेलामा बन्धकी राख्ने वा बन्धकी लिने कसैले पनि धितोपत्रहरुको स्थानान्तरण गर्नु पर्दैन ।

## २४. डिम्याट् खाता कसरी खोलिन्छ ?

DP मार्फत् सिडिएससिमा खाता खोल्ने प्रक्रिया धेरै सरल छ। यो प्रक्रिया बैंक खाता खोले सरह नै छ। डिम्याट् खाता खोल्ने प्रक्रिया देहाय बमोजिमको हुन्छ :




## २५. सबै धितोपत्रहरु एउटै डिम्याट् खातामा अभौतिकीकरण गर्न सकिन्छ ?

सिडिएससिमा सूचीकृत सबै धितोपत्रहरु एउटै हितग्राहीको नाममा दर्ता भएको अवस्थामा एउटै डिम्याट् खातामा अभौतिकीकरण गरेर राख्न सकिन्छ ।

**२६. विभिन्न कम्पनीहरुका धितोपत्रहरु एउटै डिम्याट् खातामा राख्दा सबै एकै ठाँउमा मिसिन सक्छन् ?**

विभिन्न धितोपत्रहरुलाई एक आपसमा छुट्टाउनका लागि छुट्टै ISIN प्रदान गरिएको हुन्छ । त्यसकारण धितोपत्रहरु मिसिने कुनै प्रश्नै उठ्दैन ।

**२७. हितग्राहीले आफ्नो डिम्याट् खातामा धितोपत्रहरुको कुनै न्यूनतम मौज्दात (Balance) कायम गर्नु पर्छ ?**

डिम्याट् खाता बिना कुनै मौज्दात वा शून्य (Zero) ब्यालेन्समा खोल्न र व्यवस्थित गरी राख्न सकिन्छ ।

**२८. DP ले प्रत्येक कारोबार भए पश्चात् हितग्राहीको खातामा गरेको यथास्थिति (Update) को बारेमा हितग्राहीले जानकारी कसरी प्राप्त गर्दछ ?**

- DP ले तीन महिनाको अन्तमा हितग्राहीलाई उपलब्ध गर्ने निजको खाताको फाँटवारीबाट जानकारी पाउन सक्छ ।
- धितोपत्रहरुको सूचनाको विद्युतीय पँहुच (Electronic Access to Securities Information - easi) को प्रारम्भ पश्चात् सो easi प्रणाली अन्तर्गत DP को माध्यमबाट हितग्राहीहरु दर्ता भएको खण्डमा सिडिएससिको डिम्याट् खाता विवरण ईन्टरनेटको सहायताबाट हितग्राही आफैंले कुनै पनि समयमा आफ्नो खाताको वर्तमान अवस्था थाहा पाउन सक्छ ।

**२९. धितोपत्रहरुको स्वामित्वमा कुनै समस्या आएको खण्डमा के गर्नु पर्छ ?**

धितोपत्रहरुको स्वामित्वमा कुनै समस्या वा अवरोध आएको खण्डमा हितग्राहीले तुरुन्त आफ्नो DP लाई सम्पर्क गर्नु पर्छ । यदि सो समस्या समाधान हुन नसकेमा हितग्राहीले सिडिएससिमा सम्पर्क गर्नु पर्छ ।

**३०. हितग्राहीले आफ्नो विवरण हराएमा के गर्नु पर्छ ?**

हितग्राहीले आफ्नो विवरण हराएको कुरा DP लाई तुरुन्त जानकारी गराउनु पर्छ र विवरणको प्रतिलिपि जारी गर्नका लागि निवेदन पेश गर्नु पर्छ ।

**३१. सिडिएससिका सबै DP हरुको खाताको विवरण के सबै DP हरुले हेर्न सक्छन् ?**

एउटा DP ले अन्य कुनै DP का हितग्राहीहरुको खाता हेर्न सक्दैन । DP ले त्यस्ता खातामात्र हेर्न सक्छन् जसलाई आफूले डिपोजिटरी सेवा प्रदान गरेका हुन्छन् ।

# ग. धितोपत्रहरूको अभौतिकीकरण

**३२. के अभौतिकीकरण गर्नु अनिवार्य छ ?**

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ ले निष्काशनकर्ताहरुलाई आफ्नो धितोपत्र निक्षेप गराउन तथा हितग्राहीहरुलाई धितोपत्र बजारमा कारोबार गर्नको लागि आफ्नो स्वामित्वमा भएका धितोपत्रहरुलाई अभौतिकीकरण गर्न अनिवार्य गरेको छ ।

**३३. अभौतिकीकरणका प्रक्रियाहरु के-के हुन् ?**



**३४. हितग्राहीले पुँजी बजारमा कारोबार गर्नका लागि डिपोजिटरीमा डिम्याट् खाता किन खोल्नु पर्छ ?**

हितग्राहीले आफ्ना धितोपत्रहरु अभौतिक रुपमा ग्रहण गर्दा तत्काल हस्तान्तरण गर्न सहयोग गर्छ। भौतिक रुपमा कारोबार तथा हस्तान्तरण गर्दा हुने जोखिमहरुलाई न्यूनिकरण गर्छ। नेपाल स्टक एक्स्चेन्जममा सूचीकृत भएका कम्पनीहरु सिडिएससिमा अनिवार्य रुपमा सूचीकृत हुनु पर्ने र यी कम्पनीका धितोपत्रहरुको फछ्र्यौट पनि अभौतिक रुपमा नै हुने भएकाले हितग्राहीले डिम्याट् खाता खोल्नु अनिवार्य छ।

**३५. अभौतिकीकरण निवेदन फारम (DRF) भर्ने बेला के धितोपत्रहरुको ISIN उल्लेख गर्नु अनिवार्य छ ?**

DRF भर्ने बेला धितोपत्रहरुको ISIN उल्लेख गर्नु अनिवार्य छ। यदि हितग्राहीलाई ISIN थाहा छैन भने सो कुरा आफ्नो DP संग सम्पर्क गरी निश्चित गर्न सक्छ वा सिडिएससिको वेबसाईट *www.cdscnp.com* बाट पनि प्राप्त गर्न सक्छ।

**३६. प्रमाणपत्रको रुपमा भएका सबै धितोपत्रहरु जुनसुकै नाममा पनि अभौतिकीकरण गर्न सकिन्छ ?**

कुनै एक व्यक्तिको नाममा दर्ता भएका धितोपत्रका प्रमाणपत्रहरु मात्र अभौतिकीकरण गर्न सकिन्छ। त्यस बाहेक त्यस्ता धितोपत्रहरु सिडिएससिमा अभौतिकीकरणका लागि सूचीकृत भएका धितोपत्रहरुको सूचीमा अनिवार्य रुपमा हुनु पर्छ।

**३७. कुनै व्यक्तिले आफ्नो नाममा भएका धितोपत्रहरु मध्ये केहीलाई अभौतिक रुपमा र केहीलाई भौतिक प्रमाणपत्रको रुपमै पनि राख्न सक्छ ?**

हितग्राहीले आफ्ना धितोपत्रहरु भौतिक या अभौतिक दुवै रुपमा राख्न सक्छ।

**३८. कुनै हितग्राहीले सिडिएससिमा सूचीकृत नभएका धितोपत्रहरु अभौतिकीकरण गर्न चाहेमा के गर्नु पर्छ ?**

यस्तो अवस्थामा हितग्राहीले उक्त कम्पनीलाई धितोपत्रहरु सिडिएससिमा सूचीकृत गर्नका लागि अनुरोध गर्नु पर्छ र ती धितोपत्रहरु सूचीकृत भइसकेपछि हितग्राहीले अभौतिकीकरण गर्न सक्छ ।

**३९. के शेयरहरु बिजोर संख्या (Odd Lot) मा पनि अभौतिकीकरण गर्न सकिन्छ ?**

डिम्याट् पद्धतिमा एउटा शेयर नै मार्केट लट (Market Lot) हुने हुनाले बिजोर संख्यामा पनि शेयरहरु अभौतिकीकरण गर्न सकिन्छ ।

**४०. के अभौतिकीकरण गरिएका शेयरहरुको कुनै विशेष प्रमाणपत्र नम्बरहरु हुन्छन् ?**

अभौतिकीकरण गरिएका शेयरहरुको कुनै विशेष प्रमाणपत्र नम्बर हुँदैन । डिम्याट्मा सबै शेयरहरु पूर्ण रुपमा परिवर्तनीय हुन्छन् । जसको मतलब कुनै कम्पनीका १०० कित्ता शेयर सोही कम्पनीका अन्य १०० कित्ता शेयर संग समान हुन्छन् ।

**४१. अभौतिकीकरण कार्य पूरा गर्नका लागि कति समय लाग्छ ?**

अभौतिकीकरण कार्य निवेदन दिएको दश कार्य दिन भित्र पूरा हुन्छ । यदि सो अवधिमा पनि पूरा नभएमा आफ्नो DP वा सिडिएससिमा सम्पर्क गर्नु पर्छ ।

**४२. के धितोपत्रहरुलाई विद्युतीय रुपबाट पुनःभौतिक रुपमा परिवर्तन गर्न सकिन्छ ?**

यो कार्य पुनःभौतिकीकरणको माध्यमबाट गर्न सकिन्छ ।

## ४३. पुनःभौतिकीकरणका प्रक्रियाहरु के-के हुन ?




## ४४. के अभौतिकीकरण र पुनःभौतिकीकरण गर्दा कुनै प्रकारको शुल्क लाग्छ ?

अभौतिकीकरण गर्दा हितग्राहीले DP लाई कुनै शुल्क तिर्नु पर्दैन तर पुनःभौतिकीकरण गर्दा DP लाई शुल्क तिर्नु पर्छ ।

## ४५. डिम्याट्को रुपमा बिक्री तथा खरिद भएको अवस्थामा धितोपत्रको हस्तान्तरण गर्ने प्रक्रिया के हो ?

अभौतिकीकरण गरिएका धितोपत्रहरु स्टक एक्स्चेन्ज मार्फत बिक्री गर्ने प्रक्रिया भौतिक शेयर बिक्री गरे सरह हुन्छ । तुलनात्मक रुपमा धितोपत्रहरुको हस्तान्तरण प्रक्रिया भौतिक धितोपत्रहरुको बिक्री प्रक्रिया भन्दा धेरै नै सहज हुन्छ । डिम्याट् धितोपत्रहरु बिक्री भएको अवस्थामा धितोपत्र दलालबाट कारोबार सम्पन्न भएको सूचना प्राप्त भए पश्चात् बिक्रीकर्ताले आफ्नो DP लाई धितोपत्रहरु सोभै क्लियरिङ्ग हाउस वा धितोपत्र दलालको राफसाफ खातामा हस्तान्तरण गर्नका लागि निर्देशन जारी गर्नु पर्छ । यो प्रक्रिया T+3 कार्य दिनमा पूरा गर्नु पर्छ ।

खरिदकर्ताले खरिद गरेका धितोपत्रहरु आफ्नो खातामा प्राप्त गर्नका लागि आफ्नो DP लाई एक पटक स्थायी निर्देशन दिन सक्छ । सो निर्देशन डिम्याट्

खाता खोल्ने बेलामा वा खाता खोलिसकेपछि दिन सक्छ अथवा हितग्राहीले धितोपत्र खरिद गर्दा हरेक पटक धितोपत्र जम्मा गर्नका लागि निर्देशन जारी गर्न सक्छ ।




## ४६. T+3 भनेको के हो ?

नेपाल स्टक एक्स्चेन्जमा कारोबार भइसकेका धितोपत्रहरु भुक्तानी फछ्र्यौट गर्नु पर्ने समय अवधिलाई T+3 भनिन्छ । जसले कारोबारको ३ दिन भित्रमा फछ्र्यौट गरी सक्नु पर्छ भन्ने जनाउँछ ।

T+3 को फछ्र्यौट चक्र देहाय बमोजिम छ :



## ४७. आन्तरिक बजार (On Market) र बाह्य बजार (Off Market) कारोबार भनेको के हो ?

- कुनै पनि धितोपत्र बजारको खरिद बिक्री अन्तर्गत कारोबार भई क्लियरिङ्ग हाउसको माध्यमबाट हस्तान्तरण कार्य सम्पन्न भएका कारोबारहरुलाई आन्तरिक बजार कारोबार भनिन्छ ।
- धितोपत्र बजारको खरिद बिक्री भन्दा बाहिर कारोबार भई दुई पक्ष बीच सम्पन्न हस्तान्तरणलाई बाह्य बजार कारोबार भनिन्छ ।

## ४८. फछ्र्यौट नम्बर कसरी तोकिन्छ ?

फछ्र्यौट नम्बरमा ७ वटा अंकहरु हुन्छन् । पहिला ४ वटा अंकले वर्षलाई जनाउँछ र बाँकी ३ वटा अंकले एक्स्चेन्जको फछ्र्यौट नम्बरलाई जनाउँछ, जुन नम्बरमार्फत कारोबार सम्पन्न गरिएको हुन्छ ।

## ४९. "क्लाइन्ट लेभल पे-इन (Client Level Pay-In)" भनेको के हो ? यसका लाभहरु के-के हुन् ?

हितग्राहीले आफ्नो डिम्याट् खाताबाट धितोपत्रहरु सोझै क्लियरिङ्ग हाउसलाई हस्तान्तरण गर्ने सुविधालाई नै "क्लाइन्ट लेभल पे-इन" भनिन्छ । क्लाइन्ट लेभल पे-इनका लाभहरु देहाय बमोजिम छन् :

- बजारको वर्तमान परिस्थितिमा T+3 को भुक्तानी फछ्र्यौट प्रक्रियालाई क्लाइन्ट लेभल पे-इनको माध्यमले यथाशीघ्र फछ्र्यौट गर्न सहायता पुऱ्याउँछ ।
- क्लाइन्ट लेभल पे-इनले लामो हस्तान्तरण प्रक्रियाको झन्झटबाट मुक्त गर्छ ।
- क्लाइन्ट लेभल पे-इनले मध्यस्थकर्ताको माध्यमबाट धितोपत्रहरु हस्तान्तरण गर्दा हुने विपरित पक्षको जोखिमलाई हटाउँछ ।

### ५०. के सिडिएससिले क्लाइन्ट लेभल पे-इन सेवा प्रदान गर्छ ?

सिडिएससिले नेपाल स्टक एक्स्चेन्जका कारोबारहरुको फछ्र्यौटका लागि क्लाइन्ट लेभल सामान्य (Normal) र अग्रिम भुक्तानी (Early Payin) को सेवा प्रदान गर्छ ।

### ५१. निर्देशन पुर्जी भनेको के हो ?

निर्देशन पुर्जी भनेको सिडिएससिमा खाता खोलेका व्यक्ति वा संस्थाले आफ्नो खातामा धितोपत्र जम्मा गर्न (क्रेडिट) वा आफ्नो खाताबाट धितोपत्र घटाउन (डेबिट) दिईने आदेश हो । यस पुर्जीमा हरेक हितग्राहीको आ-आफ्नो BOID नम्बर र निर्देशन पुर्जी नम्बर अग्रिम रुपमा छापिएको हुन्छ ।

### ५२. निर्देशन पुर्जीको सम्बन्धमा हितग्राहीलाई के कस्ता कुराहरुको जानकारी हुनु पर्छ ?

निर्देशन पुर्जीका सम्बन्धमा हितग्राहीहरुलाई देहाय बमोजिमका कुराहरुको जानकारी हुनु पर्छ :

- निर्देशन पुर्जी पुस्तिका DP ले नै जारी गर्छ भन्ने कुराको हितग्राहीहरुमा जानकारी हुनु पर्छ,
- निर्देशन पुर्जी नम्बर अग्रिम रुपमा छापिएको हुन्छ,
- डिम्याट् खाता नम्बरको छाप अग्रिम रुपमा लगाएको हुन्छ,
- सम्पूर्ण विवरण हितग्राहीले निर्देशन पुर्जीमा राम्रोसंग भर्नु पर्छ,
- छुट्टा छुट्टै निर्देशन जस्तैः आन्तरिक बजार, बाह्य बजार, हस्तान्तरण ईत्यादीका लागि छुट्टा छुट्टै निर्देशन पुर्जी जारी गर्नु पर्छ,
- DP ले छाप लगाई स्वीकार गरेको निर्देशन पुर्जीको प्रतिलिपि हितग्राहीले सुरक्षित साथ राख्नु पर्छ,
- निर्देशन पुर्जी प्रयोग नभएको अवस्थामा सुरक्षित साथ राख्नु पर्छ । यदि निर्देशन पुर्जी हराएमा हितग्राहीले आफ्नो DP लाई तुरुन्तै जानकारी

गराउनु पर्छ,

➢ रिक्त निर्देशन पुर्जीमा हस्ताक्षर गरी कहिले पनि राख्नु हुँदैन ।

**५३. DRF रद्द हुने सम्भावित कारणहरु के-के हुन् ?**

DRF रद्द हुने सम्भावित कारणहरु देहाय बमोजिम छन् :

➢DRF मा आवश्यक विवरणहरु पूरा नभरेमा,

➢DRF गलत निष्काशनकर्ता वा RTA कोमा पठाएमा,

➢विभिन्न Lock-in अवधि भएका धितोपत्रहरु एउटै DRF मा मिसाएमा,

➢DRN (Demat Request Number) गलत उल्लेख गरिएमा ।

# घ. धितोपत्रहरूको बन्धकी

**५४. के डिम्याट् गरिएका धितोपत्रहरु बन्धकी राख्न सकिन्छ ?**

डिम्याट् गरिएका धितोपत्रहरु बन्धकी राखी वित्तीय संस्थाहरुबाट ऋण प्राप्त गर्न सकिन्छ। साथै धितोपत्रहरु बन्धकी राख्ने प्रक्रियाहरु पनि सहज छन्।

**५५. धितोपत्रहरु बन्धकी राख्ने प्रक्रिया के हो ?**

वर्तमान अवस्थामा बन्धकी लिने र दिने दुवैको सिडिएससिमा हितग्राही खाता अनिवार्य रुपमा हुनु पर्छ। बन्धकी राख्ने प्रक्रियाहरु देहाय बमोजिम छन् :




*PRF=Pledge Request Form

## ५६. सिडिएससि प्रणालीमा धितोपत्रको बन्धकी फुकुवा गर्ने प्रक्रियाहरु के-के हुन ?

सिडिएससि प्रणालीमा धितोपत्रको बन्धकी फुकुवा गर्ने प्रक्रियाहरु देहाय बमोजिम छन् :




*URF=Unpledge Request Form

## ५७. बैंकमा बन्धकी राखिएका धितोपत्रहरुलाई अभौतिकीकरण गर्न सकिन्छ ?

बन्धकी लिने बैंकको पूर्व अनुमति लिई बन्धकी राखिएका धितोपत्रहरु अभौतिकीकरण गर्न सकिन्छ ।

**५८. बन्धकी राखिएका धितोपत्रहरु कसरी जफत गरिन्छ ?**

बन्धकी राखिएका धितोपत्रहरु जफत गर्ने प्रक्रियाहरु देहाय बमोजिम छन् :




IRF*=Invocation Request Form

**५९. बन्धकी राखिएका धितोपत्रहरुको संस्थागत लाभ कसले प्राप्त गर्छ ?**

बन्धकी राखिएका धितोपत्रहरुको संस्थागत लाभ बन्धकी दिने हितग्राहीले नै प्राप्त गर्छ । तर सो लाभहरु हितग्राहीको खातामा रोक्का हुन्छन् ।

# ङ. संस्थागत गतिविधि र प्राथमिक सार्वजनिक निष्काशन

**६०. संस्थागत गतिविधि भनेको के हो ?**

संस्थागत गतिविधि भन्नाले निष्काशनकर्ताले दर्ता किताब बन्द गर्ने, साधारण सभाको मिति, अवधि पुरा गरेका धितोपत्रहरु बापत फिर्ता भुक्तानी गर्ने मिति, परिवर्तनीय विषेशता भएको ऋणपत्र तथा अधिकार पत्रको फेरबदल गर्ने मिति, लाभांश, ब्याज, बोनस शेयर, हकप्रद शेयर, अग्राधिकार बाँडफाँड, अधिकारपत्र जारी तथा भुक्तानी गर्ने मिति, प्रिमियमको फिर्ता भुक्तानी मिति साथै समय समयमा गर्ने यस्तै गतिविधिहरु हुन् ।

**६१. संस्थागत लाभ भनेको के हो ?**

हितग्राहीलाई निष्काशनकर्ताको तर्फबाट हितग्राहीले लिएको धितोपत्र बापत समय समयमा प्राप्त हुने लाभहरु जस्तै: लाभाँश, ब्याज, बोनस शेयर, हकप्रद शेयर, अग्राधिकार बाँडफाँड, अधिकारपत्र, प्रिमियमको फिर्ता भुक्तानी तथा अन्य लाभलाई संस्थागत लाभ भनिन्छ ।

**६२. मौद्रिक संस्थागत लाभ कसले भुक्तानी गर्छ ?**

मौद्रिक संस्थागत लाभ निष्काशनकर्ता/RTA ले सोझै हितग्राहीलाई भुक्तानी गर्छ । हितग्राहीको बैंक खातामा मौद्रिक लाभहरु निष्काशनकर्ता/RTA ले सोझै जम्मा गर्न सक्ने सुविधा सिडिएसिले प्रदान गर्न सक्छ ।

### ६३. गैह्र मौद्रिक संस्थागत लाभ कसले भुक्तानी गर्छ ?

गैह्र मौद्रिक संस्थागत लाभ सिडिएससिले हितग्राहीको डिम्याट् खातामा वितरण गर्छ ।

### ६४. IPO भनेको के हो ?

संगठित संस्थाले आफ्नो पूँजी वृद्धि गर्नका लागि थप धितोपत्र जारी गर्न सर्वसाधारण समक्ष विवरणपत्र प्रकाशन गरी राखेको प्रस्तावलाई IPO भनिन्छ ।

### ६५. IPO बाट बाँडफाँड गरिएका धितोपत्रहरु विद्युतीय रुपमा प्राप्त गर्ने प्रक्रियाहरु के-के हुन् ?

IPO बाट बाँडफाँड गरिएका धितोपत्रहरु प्राप्त गर्ने प्रक्रियाहरु देहाय बमोजिम छन् :



**६६. हितग्राहीले IPO फारममा आफ्नो डिम्याट् खाताको विवरणहरु उल्लेख गर्नु पर्छ ?**

बाँडफाँड गरिएका शेयरहरु हितग्राहीले सोभ्कै आफ्नो डिम्याट् खातामा जम्मा गर्नका लागि हितग्राहीले IPO फारममा भएको छुट्टै भागमा माग गरेका विवरणहरु उल्लेख गर्नु पर्छ ।

**६७. IPO को निवेदनमा डिम्याट् खाता नम्बर उल्लेख गर्दा गल्ती भएमा सो निवेदन रद्द गरिन्छ ?**

IPO को निवेदनमा उल्लेख गरेको डिम्याट् खाता नम्बर सिडिएससिले रुजु गर्दा गल्ती भेटेमा त्यस्ता धितोपत्रहरु पुनः सच्याउनका लागि RTA समक्ष अनुरोध गरिन्छ ।

**६८. कुनै हितग्राहीले धितोपत्रहरु IPO को माध्यमबाट आफ्नो डिम्याट् खातामा जम्मा भएको छ भन्ने कुरा कसरी थाहा पाउन सक्छ ?**

हितग्राहीले धितोपत्रहरु आफूलाई बाँडफाँड गरिएको छ भन्ने कुरा देहाय बमोजिम जाँचबुझ गर्न सक्छ :

- सम्बन्धित कम्पनीले धितोपत्रहरु बाँडफाँडका सम्बन्धमा हितग्राहीलाई डिम्याट् खातामा पठाएको बाँडफाँड सूचना (Allotment Advice) मार्फत,
- DP ले पठाएको खाताको विवरण बाट,
- हितग्राहीले सिडिएससिले प्रदान गर्ने इन्टरनेट सुविधा easi को सदस्यता लिएको भएमा सो माध्यमबाट ।

**६९. हकप्रद र बोनस शेयर सोभ्कै डिम्याट् खातामा जारी गर्न सकिन्छ ?**

हकप्रद र बोनस शेयर सोभ्कै हितग्राहीको डिम्याट् खातामा जम्मा गर्न सकिन्छ ।

**७०. हकप्रद निष्काशनको फारम कसले उपलब्ध गराउँछ ?**

भौतिक रुपमा वितरण गरे झैं निष्काशनकर्ता/RTA ले हकप्रद फारम सोझै हितग्राहीहरुलाई पठाउँछ । सिडिएससि र DP ले भने सो फारम पठाउँदैनन् ।

**७१. डिम्याट् खाता नभएका हितग्राहीले बाँडफाँड भएका हकप्रद/लाभांश अभौतिकीकरणको रुपमा जम्मा गर्नका लागि अनुरोध गरेमा कुन रुपमा प्राप्त गर्छ ?**

त्यस्तो अवस्थामा बाँडफाँड भएका हकप्रद/लाभांशहरु भौतिक रुपमा नै प्राप्त गर्छ ।

**७२. धितोपत्रहरु अभौतिक रुपमा निष्काशनका लागि निवेदन दिएमा बाँडफाँडमा कुनै प्राथमिकता दिइन्छ ?**

धितोपत्रहरुको निवेदन जुन सुकै रुपमा प्राप्त भएता पनि बाँडफाँडमा कुनै प्राथमिकता दिइदैन । अभौतिक र भौतिक दुवै रुपमा हुने बाँडफाँडलाई समान रुपले हेरिन्छ ।

**७३.बाँडफाँड गरिएका धितोपत्रहरु हितग्राहीको डिम्याट् खातामा कहिले जम्मा गरिन्छ ?**

निष्काशनकर्ता/RTA ले तोकेको जारी मितिका दिन हितग्राहीको डिम्याट् खातामा धितोपत्रहरु जम्मा गरिन्छ ।

# च. अभौतिक धितोपत्रहरूको घरायसी तथा मृत्यु नामसारी

**७४. धितोपत्रहरुको घरायसी तथा मृत्यु नामसारी भनेको के हो ?**

मृत्यु भएका व्यक्तिहरुको खातामा भएका धितोपत्रहरु कानूनी हकवाला वा इच्छाएको व्यक्तिको खातामा हस्तान्तरण गर्ने कार्यलाई धितोपत्रहरुको घरायसी तथा मृत्यु नामसारी भनिन्छ। भौतिक धितोपत्रहरुको हकमा कानूनी हकवाला/इच्छाएको व्यक्तिले धितोपत्रको स्वामित्व भएका प्रत्येक कम्पनीमा पत्राचार गर्नु पर्दछ। तर डिम्याट् खातामा भएका धितोपत्रहरुको हकवालामा नामसारीका लागि DP लाई आवश्यक कागजातहरु पेश गरी सहजै नामसारी गर्न सकिन्छ।

**७५. मृत्यु भएका हितग्राहीहरुको हकवाला व्यक्तिले डिम्याट् खाताका धितोपत्रहरुको हकदावी कसरी गर्नु पर्छ ?**

हकवाला व्यक्तिले नामसारी निवेदन फारम (Transmission Request Form - TRF) का साथ देहाय बमोजिमका कागजात संलग्न गरी DP लाई निवेदन पेश गर्नु पर्छ :

- मृत्यु दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- मृतकको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- हकवालाको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- नाता प्रमाणित प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- हकवालाको मञ्जुरीनामा ।

DP ले सो निवेदनको वैद्यता जाँच गरी सही ठहराएमा धितोपत्रहरु हकवालाको नाममा हस्तान्तरण गर्नको लागि अनुरोध पठाउँछ ।

**७६. अंशबंडाबाट प्राप्त धितोपत्रहरुको हकदावीको नामसारी कसरी गर्नु पर्छ ?**

हकवाला व्यक्तिले TRF का साथ देहाय बमोजिमका कागजात संलग्न गरी DP लाई निवेदन पेश गर्नु पर्छ :

- लिने दिनेको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- मालपोत कार्यालयबाट पास भएको लिखित प्रमाणित प्रतिलिपि,
- माग गरिएको अन्य आवश्यक प्रमाणित कागजात ।

DP ले सो निवेदनको वैद्यता जाँच गरी सही ठहराएमा धितोपत्रहरु हकवालाको नाममा हस्तान्तरण गर्नको लागि अनुरोध पठाउँछ ।

**७७. एकाघर परिवार भित्रको तीन पुस्ता भित्र घरायसी नामसारी कसरी गर्नु पर्छ ?**

एकाघर परिवार भित्रको तीन पुस्ता भित्र घरायसी नामसारी गर्नका लागि देहाय बमोजिमका कागजात संलग्न गरी DP लाई निवेदन पेश गर्नु पर्छ :

- शेयर नामसारी गरी लिने तथा शेयर नामसारी गरी दिने दुवैको निवेदन,
- तीन पुस्ता भित्रको परिवार देखिने कागजात,
- शेयर लिने तथा दिने दुवैको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- शेयरको सक्कल प्रमाणपत्र,
- शेयर लिने तथा दिने बीचको नाता प्रमाणित हुने प्रमाणपत्रको प्रतिलिपि ।

DP ले सो निवेदनको वैद्यता जाँच गरी सही ठहराएमा धितोपत्रहरु हकवालाको नाममा हस्तान्तरण गर्नको लागि अनुरोध पठाउँछ ।

**७८. अदालतको फैसलाबाट हक हुने आउनेका धितोपत्रहरुको नामसारी कसरी गर्नु पर्छ ?**

अदालतको फैसलाबाट हक हुने आउनेका धितोपत्रहरुको नामसारीका लागि TRF का साथ देहाय बमोजिमका कागजात संलग्न गरी DP लाई निवेदन पेश गर्नु पर्छ :

- फैसलाको प्रमाणित प्रतिलिपि,
- हक कायम गराई ल्याउनेको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- अदालतको चलान पुर्जी ।

DP ले सो निवेदनको वैद्यता जाँच गरी सही ठहराएमा धितोपत्रहरु हकवालाको नाममा हस्तान्तरण गर्नको लागि अनुरोध पठाउँछ ।

# छ. डिम्याट् धितोपत्रहरूको पुनःभौतिकीकरण

**७९. पुनःभौतिकीकरणका लागि अनुरोध गरेमा अभौतिकीकरण गरेकै प्रमाणपत्रहरु प्राप्त गर्न सकिन्छ ?**

पुनःभौतिकीकरण अनुरोध प्राप्त गरेपछि निष्काशनकर्ता/RTA ले हितग्राहीको नाममा नयाँ प्रमाणपत्रहरु जारी गर्छ ।

**८०. पुनःभौतिकीकरणको रुपमा जारी गरिएका प्रमाणपत्रमा नाम वा अन्य कुनै गल्ती भएमा हितग्राहीले कसलाई सम्पर्क गर्नु पर्छ ?**

त्यस्तो गल्ती भएमा हितग्राहीले निष्काशनकर्ता/RTA लाई सम्पर्क गर्नु पर्छ ।

**८१. धितोपत्रहरु बिजोर संख्यामा पनि पुनःभौतिकीकरण गर्न सकिन्छ ?**

हितग्राहीले बिजोर संख्यामा भएका धितोपत्रहरु पनि पुनःभौतिकीकरण गर्न सक्छ ।

# NEPSE Listed Companies

| S.No. | Companies Name | Stock Symbol |
|---|---|---|
| **Commercial Banks** | | |
| 1 | Nabil Bank Ltd. | NABIL |
| 2 | Nepal Investment Bank Ltd. | NIB |
| 3 | Standard Chartered Bank Ltd. | SCB |
| 4 | Himalayan Bank Ltd. | HBL |
| 5 | Nepal SBI Bank Limited | SBI |
| 6 | Nepal Bangladesh Bank Ltd. | NBB |
| 7 | Everest Bank Ltd | EBL |
| 8 | Bank of Kathmandu | BOK |
| 9 | Nepal Industrial And Co.Bank | NICB |
| 10 | Machhachapuchhre Bank Ltd | MBL |
| 11 | Laxmi Bank Limited | LBL |
| 12 | Kumari Bank Ltd | KBL |
| 13 | Lumbini Bank Ltd. | LUBL |
| 14 | Nepal Credit And Com. Bank | NCCB |
| 15 | Siddhartha Bank Limited | SBL |
| 16 | NMB Bank Ltd. | NMB |
| 17 | Bank of Asia Nepal Limited | BOAN |
| 18 | Citizens Bank International Limited | CZBIL |
| 19 | KIST Bank Limited | KIST |
| 20 | Grand Bank Nepal Ltd. | GRAND |

| | | |
|---|---|---|
| 21 | Sanima Bank Ltd. | SANIMA |
| 22 | Global Bank Limited | GBL |
| 23 | Prime Commercial Bank Limited | PCBL |
| 24 | Sunrise Bank Limited | SRBL |
| 25 | Agricultural Development Bank Ltd | ADBL |

## Finance

| | | |
|---|---|---|
| 26 | Nepal Finance Ltd. | NFS |
| 27 | NIDC Capital Markets Ltd. | NCM |
| 28 | Narayani National Finance Co. Ltd. | NNFC |
| 29 | Nepal Share Markets Ltd. | NSM |
| 30 | Kathmandu Finance Limited. | KFL |
| 31 | Peoples Finance Limited. | PFCL |
| 32 | Union Finance Ltd. | UFCL |
| 33 | Citizen Investment Trust | CIT |
| 34 | Nepal Aawas Finance Limited | NABB |
| 35 | Himalayan Finance Limited (Bittiya Sanstha) | HFL |
| 36 | Valley Finance Limtied | VFL |
| 37 | Yeti Finance Limited | YFL |
| 38 | Gorkha Finance Ltd. | GFLK |
| 39 | Samjhana Finance Co. Ltd. | SFC |
| 40 | Universal Finance Ltd. | UFLK |
| 41 | Nepal Housing And Merchant Fin. | NHMF |
| 42 | General Finance Ltd. | GFL |
| 43 | Maha Laxmi Finance Ltd. | MFL |
| 44 | Lalitpur Finance Ltd. | LFC |
| 45 | Goodwill Finance Co. Ltd. | GFCL |

| | | |
|---|---|---|
| 46 | Paschimanchal Finance Co. Ltd | PFC |
| 47 | Seti Bittiya Sanstha Limited | SETI |
| 48 | Arun Finance Limited | ARUN |
| 49 | Pokhara Finance Ltd. | PFL |
| 50 | Lumbini Finance Ltd. | LFLC |
| 51 | Siddhartha Finance Limited | SFL |
| 52 | Alpic Everest Finance Company Limited | AEFL |
| 53 | United Finance Ltd | UFL |
| 54 | International Leasing And Fin. Co. | ILFC |
| 55 | Shree Investment Finance Co. Ltd | SIFC |
| 56 | Central Finance Co. Ltd. | CFCL |
| 57 | Nepal Shree Lanka Merchant Bank | NSLMB |
| 58 | Premier Finance Co. Ltd | PFCLL |
| 59 | Nava Durga Finance Co.Ltd. | NDFL |
| 60 | Butwal Finance Ltd | BFL |
| 61 | Janaki Finance Ltd. | JFL |
| 62 | Standard Finance Ltd. | STFL |
| 63 | Om Finance Ltd. | OFL |
| 64 | CMB Finance Limited | CMBF |
| 65 | Fewa Finance Co. Ltd. | FFCL |
| 66 | World Merchant Bank Ltd | WMBF |
| 67 | Birgunj Finance Ltd | BJFL |
| 68 | Capital Mer. Bank And Fin | CMB |
| 69 | Everest Finance Ltd, | EFL |
| 70 | Prudential Finance Company Limited | PFIL |
| 71 | Shrijana Finance(Bittiya Sa | SFFIL |

| | | |
|---|---|---|
| 72 | Royal Mer. Bank. And Fin | RMBFI |
| 73 | Guheyshwori Mer. Bank. Fin | GMFIL |
| 74 | IME Financial Institution | IMEFI |
| 75 | Bhajuratna Fin.And Sav. Co. Ltd. | BFIL |
| 76 | Patan Finance Ltd. | PFLBS |
| 77 | Imperial Financial Inst. Ltd. | IFIL |
| 78 | Civil Merchant bittya sanstha | CMBSL |
| 79 | ICFC Finance Limited | ICFC |
| 80 | Lord Buddha Finance Limited | LBFIL |
| 81 | Sagarmatha Merchant Banking And Finance Limited | SMBF |
| 82 | Kaski Finance Limited | KAFIL |
| 83 | Progressive Finance Limited | PROFL |
| 84 | Reliable Finance Limited | RIBSL |
| 85 | Shikhar Finance Limited | SBSL |
| 86 | Nepal Express Finance Limited | NEFL |
| 87 | Kuber Merchant Finance Limited | KMBSL |
| 88 | Prabhu Finance Company Limited | PRFL |
| 89 | Api Finance Limtied | AFL |
| 90 | Crystal Finance Limited | CFL |
| 91 | Suryadarshan Finance Company Limited | SDFL |
| 92 | Zenith Finance Limited | ZFL |
| 93 | Swastik Merchant Finance Co. Ltd. | SMF |
| 94 | Subha Laxmi Finance Co. Ltd. | SLFL |
| 95 | Unique Finance Limited | UFIL |
| 96 | Hama Merchant & Finance Ltd. | HAMA |
| 97 | Multipurpose Finance Co. Ltd. | MPFL |

## Hotels

| | | |
|---|---|---|
| 98 | Yak and Yeti Hotel Ltd.(Ord.) | YHL |
| 99 | Soaltee Hotel Ltd. | SHL |
| 100 | Taragaon Regency Hotel | TRH |
| 101 | Oriental Hotel Ltd. | OHL |

## Manufacturing & Processing

| | | |
|---|---|---|
| 102 | Bottlers Nepal Ltd.(Balaju) | BNL |
| 103 | Nepal Lube Oil Ltd. | NLO |
| 104 | Nepal Vanaspati Ghee Udhyog Ltd | NVG |
| 105 | Raghupati Jute Mills Ltd. | RJM |
| 106 | Butwal Spinning Mills Ltd. | BSM |
| 107 | Gorakhakali Rubber Udhyog Ltd. | GRU |
| 108 | Jyoti Spinning Mills Ltd (ord.) | JSM |
| 109 | Arun Vanaspati Udhyog Limited | AVU |
| 110 | Bottlers Nepal (Terai)Ltd. | BNT |
| 111 | Harisiddhi Brick and Tile Fac.Ltd. | HBT |
| 112 | Birat Shoe Ltd.(Ord.) | BSL |
| 113 | Uniliver Nepal Ltd. | UNL |
| 114 | Nepal Khadya Udhyog Ltd. | NKU |
| 115 | Shree Bhrikuti Pulp And Paper Ltd | SBPP |
| 116 | Fluer Himalayan Limited | FHL |
| 117 | Shree Ram Sugar Mills Ltd | SRS |
| 118 | Nepal Bitumin and Barrel Udyog | NBBU |
| 119 | Himalayan Distillery Ltd. | HDL |

## Others

| | | |
|---|---|---|
| 120 | Nepal Film Dev.Co. Ltd. | NFD |

| | | |
|---|---|---|
| 121 | Nepal Doorsanchar Company Limited | NTC |

## HydroPower

| | | |
|---|---|---|
| 122 | National Hydro Power Co. | NHPC |
| 123 | Butwal Power Co. Ltd. | BPCL |
| 124 | Chilime Hydro power Co. | CHCL |
| 125 | Arun Valley Hydropower Development Company Limited | AHPC |

## Tradings

| | | |
|---|---|---|
| 126 | Salt Trading Corporation | STC |
| 127 | Bishal Bazar Co. Ltd. | BBC |
| 128 | Nepal Trading Ltd. | NTL |
| 129 | Nepal Welfare Company Ltd. | NWC |

## Insurance

| | | |
|---|---|---|
| 130 | Nepal Insurance Co.Ltd. | NICL |
| 131 | Rastriya Beema Sansthan | RBS |
| 132 | National LifeInsu. Co.Ltd. | NLICL |
| 133 | Himalayan Gen.Insu. Co.Ltd. | HGI |
| 134 | United Insurance Co.(Nepal)Ltd. | UIC |
| 135 | Everest Insurance Co. Ltd. | EIC |
| 136 | Premier Insurance co. Ltd. | PIC |
| 137 | Neco Insurance Co. | NIL |
| 138 | Alliance Insurance Company Limited | AIC |
| 139 | Sagarmatha Insurance Co.Ltd | SIC |
| 140 | NB Insurance Co. Ltd. | NBIL |
| 141 | Nepal Life Insurance Co. Ltd. | NLIC |
| 142 | Life Insurance Co. Nepal | LICN |

| | | |
|---|---|---|
| 143 | Prudential Insurance Co. | PICL |
| 144 | Lumbini General Insurance | LGIL |
| 145 | Shikhar Insurance Co. Ltd. | SICL |
| 146 | Siddhartha Insurance Limited | SIL |
| 147 | Asian Life Insurance Co. Limited | ALICL |
| 148 | Prime Life Insurance Company Limited | PLIC |
| 149 | Surya Life Insurance Company Limited | SLICL |
| 150 | Guras Life Insurance Co. Ltd. | GLICL |

## Development Banks

| | | |
|---|---|---|
| 151 | Kailash Bikas Bank Ltd. | KBBL |
| 152 | Tinau Development Bank Limited | TNBL |
| 153 | Araniko Development Bank Limited | ARDBL |
| 154 | Western Development Bank Limited | WDBL |
| 155 | Public Development Bank Limited | PDB |
| 156 | Madhyamanchal Gramin Bikas Bank Ltd. | MGBL |
| 157 | Mahakali Bikas Bank Limited | MBBL |
| 158 | Miteri Development Bank Limited | MDB |
| 159 | Garima Bikas Bank Limited | GBBL |
| 160 | Jyoti Bikas Bank Limited | JBBL |
| 161 | Kankai Bikas Bank Ltd. | KNBL |
| 162 | Bishwa Bikas Bank Limited | BSBL |
| 163 | Kabeli Bikas Bank Limited | KEBL |
| 164 | Karnali Development Bank Limited | KRBL |
| 165 | NIDC Development Bank Ltd. | NIDC |
| 166 | Nepal Development Bank | NDB |
| 167 | Nirdhan Utthan Bank Ltd. | NUBL |

| | | |
|---|---|---|
| 168 | Chhimek Laghubitta Bikas Bank Ltd. | CBBL |
| 169 | Paschimanchal Bikash Bank | PDBL |
| 170 | Infrastructure Development Bank Ltd. | IDBL |
| 171 | Diprox Development Bank | DDBL |
| 172 | Gandaki Bikas Bank Limited | GDBL |
| 173 | Business Development Bank Ltd. | BDBL |
| 174 | Bhrikuti Vikash Bank Limited | BBBL |
| 175 | Narayani Development Bank Ltd. | NABBC |
| 176 | Clean Energy Development Bank Ltd. | CEDBL |
| 177 | Triveni Bikas Bank Limited | TBBL |
| 178 | Purwanchal Grameen Bikash Bank Ltd. | PGBL |
| 179 | Pashupati Development Bank Limited | PSDBL |
| 180 | Bageshowori Dev.Bank | BBBLN |
| 181 | Sahayogi Vikas Bank | SBBLJ |
| 182 | Gurkha Development Bank | GDBNL |
| 183 | Annapurna Bikash Bank Limited | ABBL |
| 184 | Swabalamwan Bikash Bank | SWBBL |
| 185 | Ace Development Bank Limited | ACEDBL |
| 186 | H & B Development Bank Ltd. | HBDL |
| 187 | Malika Bikash Bank Limited | MDBL |
| 188 | Siddhartha Development Bank Limited | SDBL |
| 189 | Biratlaxmi Bikash Bank Limited | BLDBL |
| 190 | Excel Development Bank Ltd. | EDBL |
| 191 | NDEP Development Bank Limited | NDEP |
| 192 | Subhechha Bikas Bank Limited | SUBBL |
| 193 | Vibor Bikas Bank Limited | VBBL |

| | | |
|---|---|---|
| 194 | Pathibhara Bikas Bank Limited | PBSL |
| 195 | Resunga Bikas Bank Limited | RBSL |
| 196 | Kasthamandap Development Bank Ltd. | KDBL |
| 197 | Sewa Bikas Bank Limited | SEWA |
| 198 | Nilgiri Bikas Bank Limited | NGBL |
| 199 | Nerude Laghubita Bikas Bank Limited | NLBBL |
| 200 | City Development Bank Limited | CDBL |
| 201 | Manakamana Development Bank Limited | MKDBL |
| 202 | Udhyam Bikas Bank Limited | UBBL |
| 203 | Alpine Development Bank Limited | ALDBL |
| 204 | Gaurishankar Development Bank Ltd. | GSDBL |
| 205 | Diyalo Bikas Bank Ltd. | DBBL |
| 206 | Professional Bikas Bank Limited | PRBL |
| 207 | Corporate Development Bank Ltd. | CORBL |
| 208 | Country Development Bank Ltd. | CNDBL |
| 209 | Purnima Bikas Bank Limited | PURBL |
| 210 | Rara Bikas Bank Limited | RARA |
| 211 | Kamana Bikas Bank Limited | KMBL |
| 212 | Shine Development Bank Ltd. | SHDBL |
| 213 | Shangrila Development Bank Ltd. | SADBL |
| 214 | Muktinath Bikas Bank Ltd. | MNBBL |
| 215 | Bhargav Bikash Bank Ltd. | BHBL |

अनुसूची - १२

(विनियम २० सँग सम्बन्धित)

प्राकृतिक व्यक्तिको हितग्राही खाता खोल्ने निवेदनको ढाँचा

☐ व्यक्तिगत ☐ गैर आवासीय नेपाली ☐ विदेशी

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| आवेदन नम्बर : | | | | | | | | | मिति : |
| निक्षेप सदस्यको (आन्तरिक) संकेत नम्बर : | | | | | | | | | |
| निक्षेप सदस्यको परिचय नम्बर : | | | | | | | | | हितग्राही परिचय नम्बर : |

म/हामी हितग्राही खाता खोल्न इच्छुक भएकोले मेरो/हाम्रो विवरण निम्नानुसार रहेको छ :

**निजी/पहिलो शेयरवालाको विवरण**

| | |
|---|---|
| नाम/थर : | |
| पिताको नाम : | |
| पतिको नाम : | |
| **पत्राचार गर्ने ठेगाना :** | |
| राष्ट्र : | |
| अंचल : | |
| जिल्लाः | |
| गा.वि.स./न.पा./म.न.पा.: | |
| टोलः | |
| वडा नं.: | |
| ब्लक नं.: | |
| फोन नं.: | |
| फ्याक्स नं.: | |
| ईमेलः | |
| स्थायी लेखा नं.: | |
| **स्थायी ठेगाना :** | |
| अंचल : | |
| जिल्लाः | |
| गा.वि.स./न.पा./म.न.पा.: | |
| टोलः | |
| वडा नं.: | |
| ब्लक नं.: | |
| फोन नं.: | |
| फ्याक्स नं.: | |
| ईमेलः | |

**हितग्राही खाताको प्रकार (कुनै एउटामा चिन्ह लगाउनु होला)**

| स्थिति (Status) | सहायक स्थिति (Sub-Status) | |
|---|---|---|
| ☐ व्यक्तिगत | ☐ स्थानीय व्यक्ति<br>☐ संचालकसँग सम्बन्धित व्यक्ति<br>☐ संस्थापकसँग सम्बन्धित व्यक्ति | ☐ अन्य |
| ☐ गैर आवासीय | | |
| ☐ विदेशी | | |
| निक्षेप सदस्यले हितग्राहीको खातामा भएको घटबढ स्वचालित रुपमा गराउने/नगराउने । | ☐ गराउने ☐ नगराउने | |
| खाताको विवरण प्राप्त गर्ने | ☐ दैनिक ☐ साप्ताहिक ☐ पाक्षिक ☐ मासिक | |

म/हामीले निक्षेप सदस्य र हितग्राहीको करारनामा, प्रचलित ऐन, नियम, विनियम र सो मा भएको संशोधन मान्न मन्जुर गर्दछु/गर्दछौं । माथि उल्लेखित विवरण सत्य तथ्य रहेको र सो विवरणमा कुनै फरक परे कानून बमोजिम सहुँला, बुझुँला र हितग्राही खाता रद्द गर्न मन्जुर गर्दछु/गर्दछौं ।

| | शेयरवालाको विवरण |
|---|---|
| नाम | |
| हस्ताक्षर | |
| पासपोर्ट साइजको फोटो | फोटोमा पर्ने गरी हस्ताक्षर |

(हस्ताक्षर गर्दा कालो मसीको प्रयोग गर्नु पर्नेछ)

(नाबालकको हकमा संरक्षक तथा नाबालक दुवैको फोटो संलग्न गर्नु पर्नेछ)

| नाम * | |
|---|---|
| * यदि फर्म, संस्था, साझेदारी फर्म, कोष, कम्पनी आदि ले खाता खोल्न चाहेमा संचालक समितिको निर्णयबाट अख्तियारी प्राप्त गरेको व्यक्ति नाम तथा विवरण संलग्न गर्नुपर्ने । | |

# अतिरिक्त विवरण

| **शेयरवालाको विवरण** | |
|---|---|
| जन्म मिति | |
| राष्ट्रियता | ☐ नेपाली ☐ अन्य |
| लिङ्ग | ☐ पुरुष ☐ महिला |
| पेशा | ☐ सेवा { ☐ सरकारी ☐ सार्वजनिक/निजी क्षेत्र ☐ एन.जी.ओ./आई.एन.जी.ओ. ☐ कानूनी विज्ञ } ☐ विशेषज्ञ ☐ व्यापारी ☐ विद्यार्थी ☐ सेवा निवृत ☐ गृहिणी ☐ अन्य |
| व्यापारको प्रकार | उत्पादन सेवामुखी |
| आर्थिक विवरण | आयको सीमा (वार्षिक विवरण)<br>☐ रु. १,००,००० सम्म ☐ रु. १,००,००१ देखि रु. २,००,००० सम्म<br>☐ रु. २,००,००१ देखि रु. ५,००,००० सम्म ☐ रु. ५,००,००० भन्दा माथि |
| नागरिकताको विवरण | नागरिकता नं. :<br>जारी भएको जिल्ला :<br>जारी भएको मिति : |
| राहदानीको विवरण | राहदानी नं.:<br>जारी भएको ठाउँ :<br>जारी भएको मिति :<br>म्याद सकिने मिति : |

**संरक्षकको विवरण (नाबालकको हकमा मात्र)**

| | | | |
|---|---|---|---|
| नाम/थर : | | | |
| निवेदकसँगको सम्बन्ध : | | | |
| पत्राचार ठेगाना : | | | |
| राष्ट्र | | अंचल | |
| जिल्ला | | फोन नं.: | |
| फ्याक्स नं. | | मोबाइल नं.: | |
| स्थायी लेखा नं. | | ईमेल | |

**गैर आवासिय नेपालीका लागि**

| वैदेशिक ठेगाना | |
|---|---|
| सहर | राज्य |
| देश | गैरआवासिय कोड नं. |

**(अर्धकट्टी)**

| निक्षेप सदस्यको परिचय नम्बर : | | | | | | | | | हितग्राहीको परिचय नम्बर : | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | **शेयरवालाको विवरण** |
|---|---|
| नाम | |
| आधिकारीक हस्ताक्षर | |

**बुझिलिएको रसिद**

**आवेदन नं.:** **मिति :**

हामीले खाता खोल्ने फाराम बुझिलियौं ।

| शेयरवालाको नाम | |
|---|---|

**निक्षेप सदस्यको**

नाम :

दस्तखत :

कम्पनीको छाप :

Notes:



# CDS and Clearing Limited

Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal
Phone: +977 1 4101593
Fax: +977 1 4101597
E-mail: info@cdscnp.com